# धुम्रपानको हुकुम

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2013 - 1435

IslamHouse.com

# حكم التدخين

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

**सम्पूर्ण प्रशंसा अल्लाहको लागि हो। र दरूदो सलाम उनका दूत्त महुम्मद् र उनका परिवार र साथीहरु माथि होस्।**

सर्वाधिकार लेखकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

हरेक प्रकारको प्रशंसा अल्लाहको लागि छ जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

हाम्रो समाजमा धुम्रपानको सेवन सर्वसाधारणले बिना कुनै रोकटोक गर्छन् हाम्रो देश नेपालको अधिकतम जनसंख्या गैर मुस्लिम भएकोले उनीहरूको देखादेखी मुस्लिमहरू पनि धुम्रपान गर्छन्, र उनीहरूलाई यसबारे इस्लामीय वैधानिक हुकुम थाहा नभएकोले मात्र यस्तो गर्छन् ।

म यो सानो पुस्तकमा धुम्रपानको वैधानिक विश्लेषण गर्ने प्रयास गरेको छु आशा छ कि धुम्रपान गर्नेहरूलाई लाभ पुऱ्याई यस अवैध कार्यबाट उनीहरूलाई छुटकारा दिलाओस् , र इस्लामीय नियम अनुसार जीवन व्यतीत गर्ने बाटो देखाओस् ।

मेरो अल्लाहसित प्रार्थना छ कि हे अल्लाह यस पुस्तकबाट र्सवसृष्टिलाई लाभ पुऱ्याई मलाई आफ्नो कृपाको पात्र बनाऊ र मेरो घरपरिवारका सबै सदस्यलाई र्स्वग प्रदान गर । (आमीन)


**लेखक**

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**मो.नं. ००९७७–९८४७०३०७८०**

**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

# धुम्रपानको इतिहास

धुम्रपान अथवा सिगरेटको सेवन गर्नु, सुर्ती Tobacco खानु दुवैको अर्थ एउटै हो । र सुर्ती जसबाट सिगरेट बन्छ त्यो गाँजा चर्स जस्तै एउटा बोटबाट बनाइन्छ, र तम्बाकूको बोट पनि अरु बोट बिरुवा जस्तै सबै ठाउँमा पाइन्छ । तर यसको प्रयोग सबै भन्दा पहिला मेक्सीकोमा आज भन्दा २५ सै वर्ष अघि नै प्रारम्भ भएको थियो । यसलाई त्यहाँ केवल खुशियालीको अवसरमा प्रयोग गरिन्थ्यो । त्यस पछि अमेरिकामा यसको प्रयोग प्रारम्भ भयो, अनि सारा संसारमा फैलियो ।

प्रारम्भमा यसलाई ( हुक्का ) चिलमद्वारा प्रयोग गरिन्थ्यो जुन कि अहिले सिगरेटको रूपमा प्रेणित भइसकेछ । र स्पेनी राहिब ( धर्मगुरु ) बारतुल् मियूदलह कासा नाम भएको धर्मगुरुले (जन्म १४७४ - मृत्यु १५६६ ) आफ्नो पुस्तक **भारतको सामान्य इतिहास**मा भन्नु हुन्छ कि “ दक्षिणी अमेरिकामा सेतो भारतीयहरूले धुम्रपान गर्थे चिलम द्वारा ” ( चिलमः माटोले बनाइएको एउटा पदार्थ हो जुन सिगरेटको पहिलो आकार हो ।)

र यो धुम्रपान गर्ने उद्देश्य केवल यो थियो कि नत यसको संलग्नता धर्मसित थियो नत जादूसित बरु सबै उपभोग गर्ने

वस्तु झैं यसको पनि प्रयोग गरिन्थ्यो । र यसको हानि नोक्सानीबारे कसैलाई केही थाहा थिएन ।
पहिलो युरोपियन मान्छे Rodrigo de jerez ले १४९३ ई. मा पहिलो पटक धुम्रपान गऱ्यो ।
र सुर्तीको खेतीपाती १५३५ ई. मा प्रारम्भ भयो । र १५६५ ई. मा Sir jon howkins नामक मान्छेद्वारा Tobacco विलायतमा पुग्यो र धुम्रपानको प्रारम्भ भयो ।
यस्तै रोममा १५६१ ई. मा धुम्रपानको प्रारम्भ भयो । र सत्रहौं शताब्दीमा संसारको अधिकतम देशहरूमा धुम्रपान शुरू भयो जसरी अलमानिया, रूस, तुर्की, अफ्रीका आदि ।
र जुन सिगरेट आज हामीहरू हेरिरहेका छौं त्यसलाई १८५५ ई. मा रूसले त्यार पाऱ्यो फेरि पूरा संसारमा सिगरेट फैलियो ।
जब देखि सिगरेटको प्रयोग शुरू भयो त्यही समय देखि नै यसलाई प्रयोग गर्नेबारे मान्छेहरू दुई ग्रुपमा विभाजित भए ।
१ - यसको प्रयोगलाई प्रोत्साहना दिनेहरू हुन् राजा हुनरी, र फ्रान्सको राजा, र अलमानियाको ठूलो फरेदरिक, र रोममा बाबा बन्दक्त ।
२ - धेरै धुम्रपान गर्नुमा रोक लगाउनेहरू मध्ये निम्न हुन् । बाबा ओरियान जसले कनिसा भित्र धुम्रपान माथि सन् १६२८ मा रोक लगाउनु भयो, र राजा जीमस सन् १६१९ मा इन्गलैन्डमा रोक लगाउनु भयो, र सन् १६५० मा रूसले धुम्रपान गर्नेहरूलाई दण्डित गर्ने घोषणा गऱ्यो, र रूसमा सन्

१८४८ ई.मा बाटोमा धुम्रपान गर्नुलाई अवैध गरियो , र यस्तै अरु मान्छेहरू छन् जसले धुम्रपानलाई राम्रो मानेनन् ।

# धुम्रपानको हानिकारक्ता

पहिलो पटक लन्दनको मेडिकल कालेजका डाक्टरहरूले सन् १६२५ ई. मा धुम्रपानको हानि माथि परिक्षण गरी भने कि " धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ " ।
र सन् १८२८ ई.मा अलमानियाका दुई महान विद्वान Bosselt र Reimen ले परिक्षण गरी हानिकारक पदार्थ निकोटीन ( Nicotin ) को पत्ता लगाए । र सन् १९४८ ई. मा अमेरिकाका डाक्टरहरूले परिक्षण गरी यो पत्ता लगाए कि धुम्रपानबाट क्यान्सर हुन्छ, तर यो परिक्षण लिखित रूपमा सन् १९५२ ई.मा सार्वजनिक गरियो । यस पश्चात धुम्रपान माथि परिक्षण हुँदै गयो र यसलाई अनेकौ विरामीको जरो भनियो ।

# सिगरेटमा प्रयोग हुने केही पदार्थहरूका केही प्रमुख हानिहरू

**निकोटीन :** यो क्यान्सरको प्रमुख कारण हो, र यसबाट बलड प्रेशर पनि हुन्छ, र मनुष्यको हृदयको कार्यमा बाधा हाल्छ, र रगतको कमी पनि गर्छ ।
**तार (तारकोल) Tar** : जिब्रो, ओंठ, मुख, र फेफडाको क्यान्सरको कारण हो ।

**<u>ओल ओकसीड कारबोन</u>** : यसबाट व्याकुल्ता , स्वाँस लिनुमा अप्ठयारो हुनु , टाउकोमा पीडा हुनु आदि विरामीहरू मनुष्यलाई लाग्छन् । र उपरोक्त कुराहरू बाहेक अरु लगभग ४०० यस्ता पदार्थहरू सिगरेटमा प्रयोग गरिन्छ जसले मनुष्यको शरीरलाई हानि पुऱ्याउँछ ।

# धुम्रपान इस्लामीय दृष्टिमा

इस्लामले प्रत्येक त्यस वस्तुलाई हराम वर्जित गरेको छ जसबाट मनुष्यलाई हानि पुग्छ। र प्रत्येक त्यस वस्तुलाई वैध गरेछ जसबाट मनुष्यलाई लाभ होस् । र यस्तो वस्तु जसमा हानिको उपेक्षा लाभ अधिक छ त्यसलाई पनि ग्राह्‍य भनेको छ । तर यदि कुनै वस्तुमा लाभ छ तर त्यसको हानि लाभ भन्दा अधिक छ भने त्यसलाई अवैध गरेको छ जस्तो कि मदिरा सेवन। मदिरा सेवनमा केही लाभ पनि नीहित छन् तर त्यसको लाभ हानिबाट कम छ त्यसै कारण त्यो अवैध छ । अर्थात जुन वस्तु पनि हामीलाई हानि पुऱ्याउँछ त्यो इस्लामीय दृष्टिकोणले अवैध छ चाहे हामीलाई त्यसको हानिबारे थाहा होस् वा नहोस् ।

र यो एउटा वास्तविक सत्य हो कि इस्लामले जति वस्तुलाई खानु पीउनुबाट रोक लगाएछ त्यो सबैमा मनुष्यको शरीरलाई हानि पुऱ्याउने पदार्थ हुने पुष्टि डाक्टरहरूले र वैज्ञानिकहरूले गरी सकेका छन् । जस्तो कि मदीरा सेवन, सुंगुरको मासु खानु, मृतकको मासु खानु आदि ।

अल्लाहको फर्मान छ :

अर्थ : आफूलाई आफै हत्या नगर । ( सूरतुल् बकरः २९ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : आफूलाई आफै विनाश नगर । ( सूरतरल् बकरः १९५ )

र धुम्रपान गर्नु आफै आफूलाई बर्बाद गर्नु हो , त्यसैले हे सर्वश्रेष्ठ सृष्टि आफूलाई विनाश तर्फ नलगाऊ, बरु उचित,

राम्रो र स्वच्छ एवं पवित्र कुराहरूको सेवन गरी आफ्नो जीवनलाई आनन्दमय बनाऊ ।

# धुम्रपान हराम हुनुका प्रमाणाहरू

१ - चिकित्सकहरू र डाक्टरहरूको भनाई अनुसार धुम्रपान गर्नु स्वास्थको लागि हानिकारक छ। र हामी पहिलै नै वर्णन गरिसकेका छौं कि हानिकारक वस्तु सेवन गर्नु हराम छ कुरआनका दुई श्लोकको खण्डहरूको माध्यमबाट।

२ - धुम्रपान गर्ने मान्छेको मुखबाट नराम्रो गंध आउँछ जसबाट धुम्रपान नगर्ने व्यक्तिहरूलाई कष्ट पुग्छ अनि फरिश्ताहरूलाई पनि कष्ट पुग्छ जस्तो कि हदीसमा छ :

अर्थ : जसले प्याज वा लहसुन खाएछ त्यो हामी भन्दा र हाम्रा मस्जिदहरू भन्दा पर रहोस्। र आफ्नो घर मै बसी राखोस्। ( बुखारी , मुस्लिम )

जब प्याज जुन कि जायज कुरो हो तर त्यसमा नराम्रो गंध हुन्छ त्यसै कारण घरमा बस्ने आदेश छ भने धुम्रपान जुन कि हराम कुरा हो यसलाई सेवन गरेर कसैलाई कष्ट दिनु कसरी उत्तम र वैध हुन्सक्छ।

३ - धुम्रपान नशीला पदार्थ मध्ये एक हो र हदीसमा छ :

अर्थ : प्रत्येक नशीलो पदार्थ हराम छ। र आर्को हदीसमा छ :

अअर्थ : उम्मे सलमा रजीअल्लाहो अन्हा वर्णन गर्छिन् कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले प्रत्येक नशीलो पदार्थको सेवनबाट मनाही गर्नु भएकोछ। ( अबू दाऊद, अहमद )

तात्पर्य यो कि तम्बाकू जसबाट धुम्रपान गरिन्छ त्यो नशीलो पदार्थ मध्येको हो यसले गर्दा धुम्रपान इस्लाममा निषेध छ।

तर कतिपय जना यो टिप्पणी गर्छन् कि मैले धुम्रपान गर्दा मलाई कुनै किसिमको उन्माद अथवा नशा आउँदैन फेरि यो कसरी हराम भयो ? यस्ता मान्छेहरूको लागि रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो फर्मान नै पर्याप्त छ उहाँको भनाई छ : " जस वस्तुको ठूलो मात्रा नशा गरोस् ( उन्मादी बनाओस् ) त्यसको सानो मात्रा पनि हराम छ " । र धुम्रपान यदि नशा दिदैन भने यसको अर्थ यो होइन कि त्यो नशीलो पदार्थ होइन बरु त्यसको ठूलो मात्रा सेवन गर्दा मनुष्य उन्मादी भइहाल्छ यसै कारण यसको सानो मात्रा अर्थात सिगरेट जसमा सानो मात्रामा तम्बाकू प्रयोग गरिन्छ त्यसको सेवन हराम छ ।

४ - यसमा कुनै संदेह छैन कि जुन सम्पत्ति यस धुम्रपान माथि खर्च गरिन्छ त्यो फाल्तु खर्च हो र फाल्तु र अनायासमा खर्च गर्नु अवैधानिक छ , अल्लाहको फर्मान छ :

अर्थ : प्रयाप्त मात्रामा खानपान गर तर फजूल खर्ची नगर अल्लाह फजूल खर्च गर्नेहरूलाई मनपराउँदैन । ( सूरतुल् अअ्राफ ३१ )

५ - अल्लाहले मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको प्रशंसा गर्दै भनेको छ :

अर्थ : उहाँ सल्लल्लाहो अलैहे वसल्लम उनीहरूको लागि स्वच्छ र पवित्र कुराहरू हलाल गर्छन् र नराम्रो अपवित्र कुराहरू निषेधित गर्छन् ( सूरतुल् अअ्राफ १५७ )

अर्थात धुम्रपान अपवित्र कुरो हो जुन मनुष्यको शरीरको विनाश गर्छ , किन भने धुम्रपान नत भोजन हो नत औसधि

बरु अपवित्र कुरा हो यसले गर्दा यो इस्लामीय विधान अनुसार अवैध छ ।

र यस जस्ता अरु थुप्रै प्रमाणहरू विद्वानहरूले वर्णन गरेका छन् जसलाई पेश गर्ने यो ठाउँ होइन बरु यति प्रमाण नै प्रयाप्त होलान् ।

# धर्मगुरु र विद्वानहरूको दृष्टिमा धुम्रपानको हुकुम

अधिकतम् विद्वानहरूले धुम्रपानलाई अवैध भनेका छन् उनी मध्ये केहीको नाम निम्न हुन् !

**हन्फी विद्वानहरू**

१ - अश्शरनबलली ।
२ - इस्माईल अन्नावल्सी ।
३ - अल् मसीरी ।
४ - अल् अमादी ।
५ - मुहम्मद अलाउद्दीन अल् हस्कफी ।
६ - रजब इब्ने अहमद ।
७ - मुहम्मद बिन अस्सीदीक अज्जुबैदी ।
८ - मुहम्मद बिन सअदुद्दीन ।
९ - मुहम्मद अब्दुल अजीज अल् मक्की ।
१० - मुहम्मद अल् बाकी ।
११ - मुहम्मद अल अैनी ।
१२ - अबुल हसन अल् मसरी । ..... आदि

**शाफई विद्वानहरू**

१ - शहाबुद्दीन अल् कैलूनी ।
२ - सुलैमान अल् बजीरमी ।
३ - उमर बिन अब्दुर्रहमान अल् हुसैनी ।

४ - इब्राहीम बिन जमआन ।
५ - आमिर ।
६ - अबू बक्र अल् अहदल ।

**मलेकी विद्वानहरू**

१ - इब्राहीम अल्लाकानी ।
२ - सालिम अस्सनहूरी ।
३ - खालिद अस्सरवैदी ।
४ - मुहम्मद बिन फतहुल्लाह अल् मगरबी ।
५ - अबुल गैस अल् कश्शाश अल् मगरबी ।
६ - खालिद बिन मुहम्मद अब्दुल्लाह अल् जअफरी ।

**हम्बली विद्वानहरू**

१ - मुहम्मद अल् हम्बली ।
२ - मन्सूर अल् बहूती ।
३ - अहमद अस्सनहूरी ।
४ - अब्दुल्लाह बिन अश्शैख मुहम्मद बिन अब्दुल वहाब ।
५ - सअद अल् बाखी अल् मदनी ।
६ - मुहम्मद अल् बरजन्जी अल् मदनी ।

**वर्तमानका विद्वानहरू**

१ - अश्शैख मुहम्मद बिन इब्राहीम आले शैख ।
२ - अश्शैख अब्दुल अजीज बिन अब्दुल्लाह बिन बाज ।
३ - अश्शैख अब्दुल्लाह सकर ।
४ - अश्शैख मुस्तुफा मुहम्म्द अल्हदीद ।

५ - अश्शैख मुहम्मद मुहम्मद अल् हमीद ।
६ - अल् हमाम जादुल हक शैखुल अजहर ।
७ - डा. अब्दुल अजीज शिब्ली ।
८ - डा. हामिद जामेअ ।
९ - डा. जकरिया अल्बर्री ।
१० - डा. अल् हुसैनी हाशिम वकीलुल अजहर । ........ आदि
( अल् हुकमुश्शरई फित्तदखीन, प्रकाशित साल १९८८ ई.)

प्रिय पाठकहरू ! उप्रोक्तमा वर्णन गरिएका प्रमाणहरू र विद्वानहरूको एउटा ठूलो समूहले भनेका उदगारहरू द्वारा यो सिद्ध भयो कि धुम्रपान वास्तवमा हराम छ , र हराम हुनुको साथ साथै हाम्रो स्वास्थ्यको लागि हानिकारक पनि छ ।
प्रत्येक वर्ष धुम्रपानबाट लाखौं व्यक्तिहरू क्यान्सरबाट पीडित भई मरिहाल्छन् । त कतिपय क्यान्सरबाट पीडित हुन्छन् , यस्तो घातक पदार्थलाई हामी किन सेवन गर्छौं के यसबाट केही लाभ मिल्छ ?
होइन बरु यसबाट हाम्रो हानि नै हुन्छ सोच्नुस् कि प्रत्येक वर्ष तपाई धुम्रपान माथि कति खर्च गर्नुहुन्छ । यदि त्यही पैसा कुनै राम्रो कार्यमा लगाएको भए तपाईको कल्याण भइहाल्थ्यो । यदि त्यसै पैसाले कुनै पानी नभएको ठाउँमा नल गडाएको भए सबै पानी खाने मान्छेहरू तपाईलाई अशीश दिन्थे र तपाईको लागि पालनहार सित दुआ गर्थे ।
प्रिय भाइहरू ! यदि तपाईलाई धुम्रपानको लत लागेको छ भने आजै तौबा गरिहाल्नुस् र आफ्नो रक्षा आफै गर्नुस् । के तपाई देख्नु हुन्न कि सिगरेटको पाकेट माथि लेखिएको हुन्छ “

सिगरेट खानुबाट क्यान्सर हुन्छ, वा सिगरेट सेवन स्वास्थको लागि हानिकारक छ "। के तपाईले उप्रोक्त वाक्य माथि कहिले गम्भीरता पूर्वक मनथन गर्नु भयो ?
तपाईहरू जानेर विषको प्रयोग गर्नु हुन्छ जुन तपाईको जीवनलाई नष्ट गरिदिन्छ र तपाईको बच्चाहरूलाई टुहुरो बनाई दिन्छ। के तपाईले ध्यान दिनु भयो यदि तपाईको मृत्यु हुन्छ भने तपाईको ससाना बच्चाहरूको के हुन्छ ? उनीहरूको देखरेख हेरचाह कसले गर्छ ? तपाई ती बच्चहरूलाई हेर्नुस् जुन अनाथ छन् उनीहरूको अवस्था कस्तो हुन्छ सबै बच्चहरू टाफी, चाउचाउ आदि खान्छन् तर टुहुराहरू उनीहरूको मुख हेरीरहेका हुन्छन् , कति दयनीय अवस्था हुन्छ , के तपाई चाहनु हुन्छ कि तपाईको बच्चाहरू पनि यस्तै अवस्थामा आफ्नो जीवन व्यतीत गरुन् , होइन कुनै पिता पनि यस्तो चाहन्न। तसर्थ तपाई यस्तो घातक पदार्थलाई छाडी आफ्नो र आफ्ना ससाना बच्चाहरूको भविष्यको सुरक्षा गर्नुस् ।
मलाई आशा छ कि यस सानो पुस्तकलाई पढेर तपाई धुम्रपानलाई छाडी स्वच्छ जीवन व्यतीत गर्ने प्रयत्न गर्नु हुन्छ र यस्तो पदार्थलाई त्याग्नु हुन्छ जसबाट तपाईको पालनहार पनि अप्रसन्न र तपाईको जीवन पनि असुरक्षित ।

मलाई आशा छ कि मेरो यो सानो प्रयास तपाईहरूको लागि लाभदायक होला । अन्तमा मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई इस्लामीय विधानको ज्ञान प्रदान गरुन् र हामीलाई त्यस माथि हिंडने शक्ति प्रदान गरी स्वर्गको अधिकारी बनाउन् , र हामी मध्ये जुन पथ विचलनमा परेका

छन् उनीहरूलाई सुमार्गी बनाउन् , र हामी सबैलाई यस्तो घातक पदार्थको सेवनबाट सुरक्षित राखुन्, र यस्तो कार्य तिर लगाउन् जसबाट लोक परलोकको कल्याण होस्, ( आमीन ) र हामी मध्ये जुन माथि कुनै कष्ट आईपरेको छ तिनीहरू माथि आफ्नो अपार अनुग्रहले कृपा गरी उनीहरूको कष्टलाई दूर गरुन् , र हाम्रा जुन भाइहरूलाई कुनै विरामीले व्याकुल गरेको छ त्यसलाई संचो पारुन् , र हाम्रा निःसंतान भाइबहिनीहरूलाई आफ्नो अपार शक्तिले संतान प्रदान गरुन, र हाम्रा बाबु बाजे आमा र हाम्रा संतानहरूलाई स्वर्गको बाटोमा लगाई सबैलाई स्वर्ग प्रदान गरुन् , र हामी मध्येका जुन भाइबहिनीका आमा बाबुको स्वर्गबास भइसकेको छ अल्लाह उनी सबैको पापलाई क्षमा गरी स्वर्गमा स्थान प्रदान गरुन् ।

**(आमीन)**

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगर पालिका वॉड नं.९**

**महुवा तौलिहवा कपिलवस्तु**

**नेपाल**

Mob. No.00977-9847030780

00966-0501372254